# स्थानीय राजपत्र

ककनी गाउँपालिका, नुवाकोटद्वारा प्रकाशित

| खण्ड ७ | संख्या २ | मितिः २०८०/०६/२२ |
|---|---|---|


## भाग २

### ककनी गाउँपालिका

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ (२) बमोजिम गाउँ कार्यपालिकाबाट जारी भएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

सम्वत् २०८० सालको कार्यविधि संख्या २

# सामुदायिक कुकुर बन्ध्याकरण तथा रेविज रोग नियन्त्रण कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८०

**प्रस्तावना**

रेविज रोग मानव, पशु तथा अन्य स्तनधारी जनावरमा लाग्ने अति खतरनाक प्राणघातक जुनोटिक रोग हो। पशु तथा मानव स्वास्थ्यको दृष्टिकोणले ठुलो समस्याको रुपमा विद्यमान रेविज रोगका कारण पशु पालक कृषकहरुले वर्षेनी आर्थिक क्षति व्यहोर्दै आएका छन् । अतः कुकुरको बन्ध्याकरण र रेविज खोपको माध्यमबाट रेविज रोग तथा कुकुरको संख्या नियन्त्रण गरी जनस्वास्थ्य

एवम् पशुधन संरक्षणमा टेवा पुऱ्याउने उद्देश्य अनुरुप रेविज रोगको जोखिमलाई न्यूनीकरण गर्न सकियोस भन्ने उद्देश्यका साथ ककनी गाउँपालिकाको नीति तथा कार्यक्रम सहज, सरल, प्रभावकारी, पारदर्शी रुपमा सञ्चालन गर्न स्थानिय सरकार सञ्चालन ऐनको दफा १०२ (२) को अधिकार प्रयोग गरी ककनी गाउँपालिका, गाउँकार्यपालिकाबाट "सामुदायिक कुकुर बन्ध्याकरण तथा रेविज रोग नियन्त्रण कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८०" जारी गरिएको छ।

## परिच्छेद १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ**

क) यो कार्यविधिको नाम सामुदायिक कुकुर बन्ध्याकरण तथा रेविज रोग नियन्त्रण कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८० रहेको छ।

ख) यो कार्यविधि ककनी गाउँपालिका, गाउँकार्यपालिकाबाट स्वीकृत भएको मिति देखि लागू हुने छ।

२. **परिभाषा**ः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

क) "गाउँपालिका" भन्नाले ककनी गाउँपालिका सम्झनु पर्नेछ।

ख) "शाखा" भन्नाले ककनी गाउँपालिकाको पशु सेवा शाखा सम्झनु पर्नेछ।

ग) "कार्यविधि" भन्नाले "सामुदायिक कुकुर बन्ध्याकरण तथा रेविज रोग नियन्त्रण कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८०" सम्झनु पर्नेछ।

३. **उद्देश्य**ः

क) ककनी गाउँपालिका पशु सेवा शाखाको नीति तथा कार्यक्रम प्रभावकारी रुपमा कार्यान्वयन गर्ने

ख) कुकुर बन्ध्याकरण तथा रेविज विरुद्ध खोप ककनी गाउँपालिका र अन्य संघ संस्थाहरुसँग सहकार्यमा सञ्चालन गर्ने।

ग) कुकुर बन्ध्याकरण तथा रेविज रोग नियन्त्रण गर्न जनचेतनामूलक सामग्री तयारी गरी सुसूचित गर्ने।

घ) संक्रमित जनावरको टोकाईका कारण रेविज रोगको उच्च जोखिममा रहेका पशु तथा मानिसमा जोखिम न्यूनिकरण गर्न सहयोग पुर्याउने

४. **कार्यक्रम सञ्चालन प्रक्रियाः**

क) कुकुर बन्ध्याकरण तथा रेविज रोग नियन्त्रण कार्यक्रम तोकिएको स्थानमा कुकुरको संख्या निर्धारण गरी ककनी गाउँपालिकाले भेटेरीनरी क्लिनिकसँग र अन्य संघ संस्थासँग सहकार्यमा सञ्चालन गरिने छ। सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम कार्यक्रम सञ्चालन गर्ने संस्थाको छनौट गरिने छ।

ख) यस कार्यक्रममा सामुदायिक भाले पोथी कुकुरको बन्ध्याकरण गरिने छ।

ग) रेविज खोप यथासंभव स्वदेशी प्रयोग गर्नु पर्नेछ।

घ) ककनी गाउँपालिका पशु सेवा शाखाले तोकेको प्राविधिक कर्मचारीको प्रत्यक्ष सुपरिवेक्षणमा कुकुर बन्ध्याकरण तथा रेविज भ्याक्सिनेसन कार्यक्रम सञ्चालन गर्नु पर्नेछ।

ङ) रेविज भ्याक्सिनेसन तथा बन्ध्याकरण कार्यक्रम तोकिएको समयभित्र सम्पन्न गर्नु पर्नेछ।

च) रोग सम्बन्धमा जनचेतना अभिवृद्धि गर्न सूचनामूलक सामाग्री तयार तथा वितरण गर्नु पर्नेछ।

छ) सम्पन्न कार्यको प्रगति विवरण ककनी गाउँपालिका पशु सेवा शाखामा नियमित रुपमा पठाउनु पर्नेछ।

ज) दफा ४ को उपदफा (क) बमोजिम को संघ/संस्थाहरुको मूल्यांकन गर्ने आधार निम्नानुसार हुनेछः

अ) संघ/संस्थाहरुको दर्ता र नविकरण (३० अंक)

आ) संस्थाले हालसम्म पोथी कुकुर बन्ध्याकरण अनुभवको प्रमाणित कागजातहरु (४० अंक)

इ) संघ/संस्थाहरुमा उपलब्ध दर्तावाल पशु चिकित्सकको विवरण (३० अकं)

- पशु चिकित्सकको संख्या (१५ अंक)
- पशु चिकित्सकको सम्बन्धित क्षेत्रमा अनुभव (१५ अंक)

जम्मा अंक - १००

झ) संघ/संस्थाहरुको आवेदन र प्रस्ताव उपर छानविन तथा मूल्यांकन गर्नको लागि तपशिल अनुसारको गाउँ कार्यपालिकाको निर्णयानुसार गठित कृषि तथा पशु सेवा उपसमिति रहने छ।

**छनौट तथा मूल्यांकन समिति तपशिल बमोजिम रहेको छः**

**तपशिल**

क) कार्यपालिकाले तोकेको १ जना वडा अध्यक्ष - संयोजक

ख) कार्यपालिकाले तोकेको १ जना कार्यपालिका सदस्य - सदस्य

ग) कार्यपालिकाले तोकेको फरक वडाबाट (वडा नदोहोरिने गरी) प्रतिनिधित्व गर्ने १ जना कार्यपालिका सदस्य - सदस्य

घ) पशु सेवा शाखा प्रमुख/प्रतिनिधि - सचिव

उपसमितिले आवश्यकता अनुसार कुनै विशेषज्ञ वा गाउँकार्यपालिकाको सदस्यलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्ने छ।

५. **कार्यक्रम अनुगमन तथा मूल्यांकनः** यस कार्यक्रमको अनुगमन र मूल्यांकन ककनी गाउँपालिका, पशु सेवा शाखाबाट हुने छ।

६. **आर्थिक कार्यविधिः**

(१) कार्यक्रम सम्पन्न भैसकेपछि सोको प्रगति विवरण र बन्ध्याकरण गर्दाको तस्विरहरु लगाएत सम्बन्धित सुपरिवेक्षकको प्रतिवेदन समेत ककनी गाउँपालिका पशु सेवा शाखामा उपलब्ध गराए पश्चात मात्र भुक्तानी दिईने छ।

७. **अनुगमन, मूल्यांकन तथा प्रतिवेदन सम्बन्धी व्यवस्थाः** यस कार्यक्रमको अनुगमन ककनी गाउँपालिका पशु सेवा शाखाले गर्ने छ र प्रगति प्रतिवेदन पनि पशु सेवा शाखामा पठाउनु पर्नेछ।

८. **थपघट वा हेरफेर गर्न सक्नेः** (१) यो कार्यविधिको कार्यान्वयनलाई थप व्यवस्थित र प्रभावकारी बनाउन ककनी गाउँपालिकाले आवश्यकता अनुसार यस कार्यविधिमा थपघट, हेरफेर तथा खारेज गर्न सक्ने छ।

**प्रमाणीकरण मितिः २०८०/०६/२२**

**आज्ञाले,**
**खम्बराज राई**
**प्रमुख प्रशासकीय अधिकृत**